८० औ बैठक

मिति २०७७ साल कार्तिक १९ गते बुधबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एव्म सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

**अन्य उपस्थिती :**

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

श्री अजय श्रीवास्तव, स्वास्थ्य शाखा प्रमुख

श्री नवराज गौतम इ.अ.

श्री तारापती भट्टराई, शाखा प्रमुख, प्रविधि विकास शाखा

श्री रामचन्द्र सुवेदी, शाखा प्रमुख, राजस्व शाखा

निर्णय नं. १ :

कोरोना भाईरस(कोभीड–१९) बाट संक्रमितहरु को व्यवस्थापनका सम्बन्धमा संघ र प्रदेश सरकारले तोकको निर्देशनको अधिनमा रही देहायको कार्य गर्ने :

क) संक्रमितहरुको आवासको अवस्था स्वास्थ्य शाखाबाट अनुगमन गरी होम आईशोलसनमा बस्न उपयुक्त देखिएको खण्डमा होम आईसोलेसनमा बस्न अनुमति प्रदान गर्ने,

निर्णय नं. २ :

कोरोना भाईरस(कोभीड १९) को संक्रमणको अति उच्च जोखीम देखिएका यस नगरपालिकाको पृथ्वी राजमार्ग अन्तर्गतका मुख्य तथा आसपासका अन्य बजार क्षेत्र,कबासे,ढोरफिर्दी र साँखे बजार क्षेत्रमा यहि मिति २०७७ कार्तिक १९ गते राती १२ बजेदेखि २०७७ कार्तिक २५ गते राती १२ बजेसम्म अत्यावश्यक सेवा,औषधीजन्य सेवा,दुग्धजन्य सेवा वाहेक अन्य सबै व्यवसाय तथा सेवा बन्द गरी जिल्ला प्रशासन कार्यालय,तनहु दमौलीमा सोको जानकारी गराउने ।

निर्णय नं. ३ :

विधायन समितिबाट आएको एम्बुलेन्स संचालन निर्देशिका २०७७ लाई देहायबमोजिम परिमार्जन गरी पारित गर्ने :

क) कार्यविधिको दफा ३ बमोजिम एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिमा देहायबमोजिम परीमार्जन गरी सदस्य थप गर्ने :

- ईलाका प्रहरी कार्यालय बेलचौतारा,कार्यालय प्रमुख सदस्य
- नगरपालिका को सामाजिक विकास समितिको संयोजक सदस्य

ख) एम्बुलेन्स सेवा शुल्कको दररेटका सम्बन्धमा कच्ची सडकमा प्रति कि.मी रु ६० र पक्की सडकमा प्रति कि.मी रु ३० का दरले निर्धारण गर्ने , यसरी रकम निर्धारण गर्दा स्वास्थ्य शाखाबाट एम्बुलेन्स सम्बन्धित स्थलमा पुगेर फर्केको दुरीलाई आधार मान्नुपर्नेछ ।

निर्णय नं. ४ :

विधायन समितिबाट छलफल भै आएको निजि जग्गाको ढुंगा,गिट्टी,बालुवा,माटो आदि उत्खनन,संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७७ मा देहायबमोजिम परिमार्जन गरी पारित गर्ने :

क) विधेयकको दफा ३ को उपदफामा मौज्दात हुन आएको मालसामानलाई प्रदेश सरकारले निर्धारण गरेको राजश्वमा ५० प्रतिशत थप गरी नगरपालिका कार्यालयमा राजश्व बुझाई वेचविखन गर्न सक्नेछ । तर जग्गा व्यवस्थापन गर्दा निस्केको मौज्दात माटोको राजश्व भने प्रदेश सरकारले तोकेबमोजिम नै हुनेछ ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ख) दफा १६ विविध मा यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निर्माण( सडक,पुल,भवन) का क्रममा उक्त योजनाको अधिकार क्षेत्रभित्र पर्ने स्थानबाट निस्कने मालसामान( ढुंगा,गिट्टी,बालुवा,माटो)को मुल्याकन गरी नगरपालिकाले तोकेको दस्तुर नगपालिकामा बुझाई लिलाम बढाबढ गरी सम्बन्धित योजनामा वा अन्यत्र प्रयोग गर्न सकिनेछ भनी थप गर्ने ।

**निर्णय नं. ५ :**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा ५२ बमोजिम यस नगरपालिकामा उद्यम विकास समिति देहायबमोजिम गठन गर्ने :

| | |
|---|---|
| (क) कार्यपालिकाको अध्यक्ष ,नगरप्रमुख | संयोजक |
| (ख) आर्थिक विकास समिति संयोजक,रामचन्द्र भण्डारी | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) नगरसभा सदस्य,रोजिना खातुन | सदस्य |
| (ङ) महिला लघु उद्यमी | सदस्य |
| (च) शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ,प्रतिनिधि | सदस्य |
| (छ) शुक्लागण्डकी उद्योग वाणिज्य संघ,प्रतिनिधि | सदस्य |
| (ज) शाखा प्रमुख,रामचन्द्र सुवेदी | सदस्य सचिव |

**निर्णय नं. ६ :**

शुक्लागण्डकी नगरपालिका वडा नं १२ निवासी युवराज गुरुङ्गको घरको अवस्था अत्यन्त नाजुक भएको हुदा आवास निर्माणका लागि रु १५०००।– प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**निर्णय नं. ७ :**

आ.व ०७७/७८ को वर्षातको समयमा नगरपालिकाभर सार्वजनिक बाटोहरुमा पैह्रो गई क्षति पुर्याएकोमा उक्त पैह्रो हटाई आवातजावात सहज पार्नका लागि वडा वडामा डोजर परिचालन गरिएकोमा जुन टोलमा काम भएको हो सो टोल र वडाको सिफारिसको आधारमा काम गरेको हो सो टोल र वडाको सिफारिसको आधारमा काम गरेको घण्टा अनुसार पेश भएको विल भरपाईका आधारमा २०७७ असोज २६ गतेको बैठकको निर्णय नं. ३ का आधारमा रकम भुक्तान गर्ने ।

**निर्णय नं. ८ :**

शुक्लागण्डकी नगरपालिका वडा नं ९ स्थित श्री ढोरबाराही मन्दिरको परिसरभित्र सोही वडामा बसोवास गर्दै आएका श्री सन्तबहादुर थापाको छोरा श्री ईन्द्र बहादुर थापाले सानो टहरो बनाई होटल व्यवसाय गर्दै आएकोमा उक्त परिसरभित्रको टहरा हटाई मन्दिरपरिसर बाहिर पसल बनाउनका लागि यस नगरपालिकाको चालु आ.ब का लागि नगरपालिकाबाट विनीयोजन गरीएको संस्कृति प्रबर्द्धन कार्यक्रमबाट खर्च लेख्ने गरी रु २००००।– आर्थिक सहायता रकम उपलब्ध गराउने ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ९ :

शुभदिपावली २०७७ को अवसरमा शुक्लागण्डकी नगरपालिका भित्रका सबै सार्वजनिक कार्यालयहरुमा नेपाल सरकारले निर्धारण गरेको तिहार  विदाको अवधिमा २ दिन थप गरी २०७७ मंसीर ३ गते बुधबारसम्म सार्वजनिक विदा कायम गर्ने ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner